# प्रदेश लोक सेवा आयोग

## मधेश प्रदेश, जनकपुरधाम

## प्रशासन शाखा

## प्रदेश निजामती सेवाका सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना

**सूचना नं. ४७/०७९-८०** **प्रकाशन मिति : २०७९/८/२९**

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश को वेबसाइट **ppsc.p2.gov.np** बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्नेछ ।

(ख) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाको लागि उमेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको र शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(घ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनुपर्नेछ ।

(ङ) दरखास्त दस्तुर सहायक पाँचौं तहको लागि रु.४००।- (चार सय) बुझाउनुपर्नेछ ।

(च) दरखास्त दस्तुर बुझाउने विधि र स्थान :- प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१००००००१ मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामवाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।

(छ) दरखास्त दिने अन्तिम मिति :- २०७९/९/२० र दोब्बर दस्तुर तिरी २०७९/९/२७ सम्म

**क) सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक)**

**अ) सहायक पाँचौं तहको स्वास्थ्य सेवा वाहेकका सेवा तर्फः**

| क.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या | क.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ८५/०७९-८० | नायब सुब्बा, प्रशासन, सा.प्र. | १२ (बाह्र) | २ | ८६/०७९-८० | लेखापाल, प्रशासन, लेखा | १४(चौध) |
| ३ | ८७/०७९-८० | सब ईन्जिनियर, ईन्जि., सिभिल, इरिगेशन | १(एक) | ४ | ८८/०७९-८० | सब ईन्जिनियर, ईन्जि., सिभिल, जनरल | २(दुई) |
| ५ | ८९/०७९-८० | सब ईन्जिनियर, ईन्जि., सिभिल, वि.एण्ड आर. | १(एक) | ६ | ९०/०७९-८० | सब ईन्जिनियर, ईन्जि., सिभिल, स्यानिटरी | १(एक) |
| ७ | ९१/०७९-८० | अ.ग.हा.जी., ईन्जि., जियोलोजी, हाइड्रोजियोलोजी | १(एक) | ८ | ९२/०७९-८० | प्राविधिक सहायक, कृषि, बाली संरक्षण | १(एक) |
| ९ | ९३/०७९-८० | प्राविधिक सहायक, कृषि, वागवानी | १(एक) | १० | ९४/०७९-८० | भु-संरक्षण सहायक, वन, स्वायल एण्ड वाटर कन्जर्भेसन | १(एक) |
| ११ | ९५/०७९-८० | रेन्जर, वन, जनरल फरेष्ट्री | २(दुई) | १२ | ९६/०७९-८० | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | ५(पाँच) |

**आ) सहायक पाँचौं तहको स्वास्थ्य सेवा तर्फः**

| क.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या | क.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ९७/०७९-८० | हेल्थ असिष्टेन्ट, स्वास्थ्य, हे.ई. | २(दुई) | २ | ९८/०७९-८० | फार्मेसी सुपरभाइजर निरिक्षक, स्वास्थ्य, फार्मेसी | १(एक) |
| ३ | ९९/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | ८(आठ) | ४ | १००/०७९-८० | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, पब्लिक हेल्थ नर्सिङ | १(एक) |
| ५ | १०१/०७९-८० | मेडिकल रेकर्डर सुपरभाइजर, स्वास्थ्य, मेडिकल रेकर्डर | १(एक) | ६ | १०२/०७९-८० | बायोमेडिकल टेक्निसियन, स्वास्थ्य, विविध | १(एक) |

## प्रदेश निजामती सेवाका सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक) पदको खुला, समावेशी र अन्तर सेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं.४८/०७९-८०** **प्रकाशन मिति : २०७९/८/२९**

प्रदेश निजामती सेवाका निम्न सेवा, समूह, उपसमूह तथा तहका रिक्त पदहरुको खुला, समावेशी तथा अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली **ppsconline.p2.gov.np** मार्फत आवेदन दिनुपर्नेछ ।

**१) सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक)**

| क्र.सं. | विज्ञापन नम्बर | पद, सेवा, समूह, उपसमूह | खुला, समावेशी र अन्तर सेवा | पुनः विज्ञापन | जम्मा माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| **(अ)** | **अप्राविधिकतर्फ सहायक पाँचौं तह** | | | | | |
| १ | १०३/०७९-८० | प्रशासन, सामान्य प्रशासन | खुला | | ८(आठ) | ८(आठ) |
| | | प्रशासन, लेखा | | | ९(नौ) | ९(नौ) |
| | | | | **जम्मा** | **१७ (सत्र)** | **१७ (सत्र)** |
| २ | १०४/०७९-८० | प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | २(दुई) | २(दुई) |
| | | प्रशासन, लेखा | | | २(दुई) | २(दुई) |
| | | | | **जम्मा** | **४ (चार)** | **४ (चार)** |
| ३ | १०५/०७९-८० | प्रशासन, सामान्य प्रशासन | मधेशी | | २(दुई) | २(दुई) |
| | | प्रशासन, लेखा | | | ३(तीन) | ३(तीन) |
| | | | | **जम्मा** | **५ (पाँच)** | **५ (पाँच)** |
| ४ | १०६/०७९-८० | प्रशासन, सामान्य प्रशासन | दलित महिला | | १(एक) | १(एक) |
| ५ | १०७/०७९-८० | प्रशासन, लेखा | दलित | | १(एक) | १(एक) |
| ६ | १०८/०७९-८० | प्रशासन, लेखा | मुस्लिम | | १(एक) | १(एक) |
| ७ | १०९/०७९-८० | प्रशासन, लेखा | आ.ज. महिला | | १(एक) | १(एक) |
| ८ | ११०/०७९-८० | प्रशासन, लेखा | थारु महिला | | १(एक) | १(एक) |
| ९ | १११/०७९-८० | प्रशासन, सामान्य प्रशासन | खस आ. महिला | | १(एक) | १(एक) |
| १० | ११२/०७९-८० | प्रशासन, सामान्य प्रशासन | अपाङ्ग महिला | | १(एक) | १(एक) |
| ११ | ११३/०७९-८० | प्रशासन, सामान्य प्रशासन | अन्तर सेवा | | ३(तीन) | ३(तीन) |
| | | प्रशासन, लेखा | | | ३(तीन) | ३(तीन) |
| | | | | **जम्मा** | **६ (छ)** | **६ (छ)** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **(आ)** | **क) प्राविधिकतर्फ सहायक पाँचौं तह (स्वास्थ्य सेवा वाहेकका सेवा तर्फ)** | | | | | |
| १ | ११४/०७९-८० | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, जनरल | खुला | | १(एक) | १(एक) |
| २ | ११५/०७९-८० | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, जनरल | दलित महिला | | १(एक) | १(एक) |
| ३ | ११६/०७९-८० | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | खुला | | १(एक) | १(एक) |
| ४ | ११७/०७९-८० | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | मधेशी महिला | | १(एक) | १(एक) |
| ५ | ११८/०७९-८० | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, वि.एण्ड आर. | खुला | | १(एक) | १(एक) |
| ६ | ११९/०७९-८० | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, वि.एण्ड आर. | दलित महिला | | १(एक) | १(एक) |
| ८ | १२०/०७९-८० | सब-इन्जिनियर, इन्जिनियरिङ्ग, सिभिल, इरिगेशन | खुला | | १(एक) | १(एक) |
| ९ | १२१/०७९-८० | अ.ग.हा.जी., ईन्जि., जियोलोजी, हाइड्रोजियोलोजी | खुला | | १(एक) | १(एक) |
| १० | १२२/०७९-८० | अ.ग.हा.जी., ईन्जि., जियोलोजी, हाइड्रोजियोलोजी | मधेशी महिला | | १(एक) | १(एक) |
| ११ | १२३/०७९-८० | प्राविधिक सहायक, कृषि, बाली संरक्षण | खुला | | १(एक) | १(एक) |
| १२ | १२४/०७९-८० | प्राविधिक सहायक, कृषि, बाली संरक्षण | मधेशी महिला | | १(एक) | १(एक) |
| १३ | १२५/०७९-८० | प्राविधिक सहायक, कृषि, वागवानी | खुला | | १(एक) | १(एक) |
| १४ | १२६/०७९-८० | प्राविधिक सहायक, कृषि, वागवानी | दलित महिला | | १(एक) | १(एक) |
| १५ | १२७/०७९-८० | प्राविधिक सहायक, कृषि, मत्स्य | खुला | | १(एक) | १(एक) |
| १६ | १२८/०७९-८० | रेन्जर, वन, जनरल फरेष्ट्री | खुला | | २(दुई) | २(दुई) |
| १७ | १२९/०७९-८० | रेन्जर, वन, जनरल फरेष्ट्री | दलित | | १(एक) | १(एक) |
| १८ | १३०/०७९-८० | भु संरक्षण सहायक, वन, स्वायल एण्ड वाटर कन्जर्भेसन | खुला | | १(एक) | १(एक) |
| १९ | १३१/०७९-८० | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | खुला | | ४(चार) | ४(चार) |
| २० | १३२/०७९-८० | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | मधेशी | | १(एक) | १(एक) |
| २१ | १३३/०७९-८० | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | दलित महिला | | १(एक) | १(एक) |
| २२ | १३४/०७९-८० | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | मुस्लि महिला | | १(एक) | १(एक) |
| २३ | १३५/०७९-८० | प्रा.स., शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | अन्तर सेवा | | १(एक) | १(एक) |
| २४ | १३६/०७९-८० | महिला विकास निरीक्षक, विविध | खुला | | १(एक) | १(एक) |
| | **ख) प्राविधिकतर्फ सहायक पाँचौं तह (स्वास्थ्य सेवा तर्फ)** | | | | | |
| १ | १३७/०७९-८० | हेल्थ असिस्टेन्ट, स्वास्थ्य, हे.ई. | खुला | | १(एक) | १(एक) |
| २ | १३८/०७९-८० | हेल्थ असिस्टेन्ट, स्वास्थ्य, हे.ई. | दलित महिला | | १(एक) | १(एक) |
| ३ | १३९/०७९-८० | फार्मेसी सुपरभाइजर, स्वास्थ्य, फार्मेसी | खुला | | १(एक) | १(एक) |
| ४ | १४०/०७९-८० | फार्मेसी सुपरभाइजर, स्वास्थ्य, फार्मेसी | दलित महिला | | १(एक) | १(एक) |
| ५ | १४१/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | खुला | | ६(छ) | ६(छ) |
| ६ | १४२/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | मधेशी महिला | | २(दुई) | २(दुई) |
| ७ | १४३/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | मधेशी | | १(एक) | १(एक) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | १४४/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | दलित | | १(एक) | १(एक) |
| ९ | १४५/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | आ.ज. महिला | | १(एक) | १(एक) |
| १० | १४६/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | थारु महिला | | १(एक) | १(एक) |
| ११ | १४७/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | अन्तर सेवा | | २(दुई) | २(दुई) |
| १२ | १४८/०७९-८० | प.हे.न., स्वास्थ्य, क.न. | खुला | | १(एक) | १(एक) |
| १३ | १४९/०७९-८० | प.हे.न., स्वास्थ्य, क.न. | मधेशी महिला | | १(एक) | १(एक) |
| १४ | १५०/०७९-८० | मे.रे.सु., स्वास्थ्य, मेडिकल रेकर्डर | खुला | | १(एक) | १(एक) |
| १५ | १५१/०७९-८० | मे.रे.सु., स्वास्थ्य, मेडिकल रेकर्डर | मधेशी महिला | | १(एक) | १(एक) |
| १६ | १५२/०७९-८० | बायोमेडिकल टेक्निसियन, स्वास्थ्य, विविध | खुला | | १(एक) | १(एक) |

परीक्षाको किसिम :- लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

परीक्षा मिति :- पछि प्रकाशन गरिनेछ ।

परीक्षा केन्द्र :- जनकपुरधाम ।

दरखास्त दस्तुर :- सहायक पाँचौं तहको लागि रु. ४००।- (चार सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक (खुला, समावेशी र अन्तर सेवा) का लागि रु.२००।- (दुई सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

दरखास्त दिने अन्तिम मिति :- २०७९/९/२० र दोब्बर दस्तुर तिरी २०७९/९/२७ सम्म ।

उम्मेदवारको उमेरको हद :-
- २०७९/९/२० सम्म १८ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।
- इन्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको ।
- वहालवाला निजामती कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।

दरखास्त दस्तुर बुझाउने विधि र स्थान :– आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड Select गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ ।

**Online Payment बाट दरखास्त भुक्तानी गर्न :** राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS Login गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ ।

**Offline बाट दरखास्त भुक्तानी गर्न :** राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment Select गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ ।

अपलोड गर्नुपर्ने कागजातहरु :- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

अपलोड गर्नुपर्ने कागजातहरु :- उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति :- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

पदमा रही गर्नुपर्ने कामको विवरण :- सेवा, समूह सम्बन्धी

तलब :- मधेश प्रदेश कानून बमोजिम ।

सेवा सम्बन्धी मन्त्रालय :- सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय ।

## प्रदेश निजामती सेवाको खुला तथा समावेशीतर्फका प्रत्येक पदहरुको आवश्यक न्यूनतम शैक्षिक योग्यता

### (अ) सहायक पाँचौं तह (अप्राविधिक/प्राविधिक) (सेवा, समूह, उपसमूह):

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनु पर्नेछ

१. **प्रशासन सेवा, सामान्य प्रशासन समूहको लागि** : मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

२. **प्रशासन सेवा, लेखा समूहको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्य शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित वा तथ्याङ्कशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रवीणता प्रमाणपत्र तह सो सरह उत्तीर्ण ।

३. **इन्जि., सिभिल, जनरल, सब-इन्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

४. **इन्जि., सिभिल, स्यानिटरी, सब-इन्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण

५. **इन्जि., सिभिल, विल्डिङ एण्ड आर्किटेक्ट, सब-इन्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

६. **इन्जि., सिभिल, इरिगेशन, सब-इन्जिनियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित इन्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

७. **अ.ग.हा.जी., ईञ्जि., जियोलोजी, हाइड्रोजियोलोजी पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी मूल विषय लिई वि.एस्सी. उत्तीर्ण ।

८. **कृषि, बाली संरक्षण र वागवानी, प्राविधिक सहायक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण ।

९. **कृषि, मत्स्य, प्राविधिक सहायक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशुविज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशुविज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशुविज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण ।

१०. **वन, जनरल फरेष्ट्री, रेन्जर पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेशन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

११. **वन, स्वायल एण्ड वाटर कन्जर्भेसन, भू-संरक्षण सहायक पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।

१२. **शिक्षा, शिक्षा प्रशासन, निरीक्षण, प्राविधिक सहायक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१३. **विविध, महिला विकास निरीक्षक पदका लागि (महिलाहरुले मात्र प्रतिस्पर्धा गर्न पाउने)** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण ।
१४. **स्वास्थ्य, हे.ई., हेल्थ असिष्टेन्ट पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण ।
१५. **स्वास्थ्य, फार्मेसी, फार्मेसी सुपरभाइजर/फार्मेसी सहायक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा प्रमाणपत्र तह उत्तीर्ण ।
१६. **स्वास्थ्य, जनरल नर्सिङ, स्टाफ नर्स पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण ।
१७. **स्वास्थ्य, क.न., पब्लिक हेल्थ नर्स पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न.वा नर्सिङ्ग विसयमा प्रमाणपत्र तह उत्तिर्ण ।
१८. **स्वास्थ्य, मेडिकल रेकर्डस्, मेडिकल रेकर्डर पदको लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित विषयमा प्रमाणपत्र तह उत्तीर्ण ।
१९. **स्वास्थ्य, विविध, बायोमेडिकल टेक्निसियन पदका लागि:** मान्यता प्राप्त शिक्षण संस्थाबाट आइ.एस्सी. वा विज्ञान विषय लिई १२ कक्षा उत्तीर्ण गरी बायोमेडिकल टेक्निसियनमा कम्तिमा १ वर्षको तालिम वा बायोमेडिकल इक्वेपमेन्टमा १ वर्षको तालिम वा बायोमेडिकल इन्जिनियरिङ्गमा प्रमाण पत्र तह उत्तीर्ण ।

**(ई) अन्तर सेवाको लागि :**

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम हुनेछ ।

## उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात सम्बन्धमा विशेष निर्देशन

दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

**अ) समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरुको लागि आवश्यक पर्ने थप कागजातहरु**

(क) मधेसीको हकमा : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितको हकमा : राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) मुस्लिमको हकमा : राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय मुस्लिम आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मुस्लिम भनी प्रमाणित गराएको कागजात ।

(घ) आदिवासी/जनजातिको हकमा : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ङ) थारुको हकमा : राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय थारु आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट थारु भनी प्रमाणित गराएको कागजात ।

(च) आर्थिक रुपले विपन्न खस आर्य को हकमा : गरीब परिचयपत्र वा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य भनी प्रमाणित गराएको कागजात ।

(छ) अपाङ्गका हकमा : समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

**द्रष्टव्य :**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(च) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(छ) पाठ्यक्रम आयोगको वेबसाइट **ppsc.p2.gov.np** बाट प्राप्त गर्न सकिने छ ।